# नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपालमा आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विमानस्थल पूर्वाधार तथा सुरक्षित र भरपर्दो एयर नेभिगेशन प्रणालीको विकास गरी हवाई सेवालाई स्तरीय र प्रभावकारी बनाउन तथा दक्ष जनशक्तिको विकास गर्न तथा दक्ष जनशक्तिको विकास गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकान्नब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "इजाजतपत्र/प्रमाणपत्र/स्वीकृति पत्र" भन्नाले नागरिक उड्डयन क्षेत्रको लागि तोकिए बमोजिमको शर्त तथा मापदण्ड पूरा गरी निश्चित कार्य सम्पादनकालागि नियामकीय निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई प्रदान गरिएको पत्रलाई सम्झनु पर्छ ।

(ग) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालनसँग सम्बद्ध जोखिम न्यूनीकरण र नियन्त्रण सम्बन्धी स्वीकार्यस्तरको उडान सुरक्षा सम्झनु पर्छ।

(घ) "एयर नेभिगेशन सेवा" भन्नाले वायुयान उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने एयर ट्राफिक मेनेजमेन्ट, हवाई सञ्चार, पथ प्रदर्शन तथा निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा, एरोनटिकल म्याप्स एण्ड चार्ट्स, प्रोसिजर फर एयर नेभिगेशन-एयरक्राफ्ट अपरेशन र उड्डयन सूचना सेवा सम्झनु पर्छ।

(ङ) "खतराजन्य वस्तु" भन्नाले उडानका क्रममा मानिसको स्वास्थ्य, सुरक्षा, सम्पत्ति तथा वातावरणमा जोखिम उत्पन्न गराउन सक्ने कुनै वस्तु वा तत्व भन्ने सम्झनुपर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम नागरिक उड्डयन क्षेत्रको नियमन गर्न स्थापना भएको निकाय सम्झनु पर्छ।

(ज) "निरीक्षक" भन्नाले नागरिक उड्डयन सम्बन्धी कानून तथा संगठनले तोकेको मापदण्डको परिपालना गराउनका लागि निरिक्षण, परिक्षण, मुल्याँकन गरी निर्देशन दिन सक्ने प्राविधिक दक्षता भएको अख्तियारप्राप्त व्यक्ति सम्झनुपर्छ।

(झ) "निरीक्षण" भन्नाले तोकिएको मापदण्ड वा शर्त पूरा भए नभएको जाँचपड्ताल गर्ने कार्यलाई सम्झनु पर्छ।



मुकुन्द प्रसाद निरौला
सचिव

(ञ) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल हवाई सेवा प्राधिकरण सम्झनु पर्छ।

(ट) "प्रबन्ध निर्देशक" भन्नाले दफा ३१ बमोजिम नियुक्त प्रबन्ध निर्देशक सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको नागरिक उड्डयन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थिर वा चलायमान हुन सक्ने जुनसुकै यन्त्र वा उपकरण जोडिएको यान सम्झनुपर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको हट एयर बेलुन, मानव रहित उडान प्रणाली, ग्लाईडर, ह्याङ्गग्लाईडर, माइक्रोलाइट वा उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ।

(ढ) "वायुसेवा" भन्नाले हवाई यातायात सञ्चालन गर्ने कुनै कम्पनी वा संस्थाले यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने व्यावसायिक सेवा सम्झनु पर्छ ।

(ण) "विमानस्थल" भन्नाले वायुयानको आगमन, प्रस्थान तथा सतहमा गुड्न वा धावनको लागि पूर्ण वा आंशिक रुपमा प्रयोग हुने भू-सतह वा जलक्षेत्र र त्यस्तो भू-सतहमा जडिएको कुनै भवन, संरचना वा उपकरणले ओगटेको स्थल समेत सम्झनु पर्छ।

(त) "विमानस्थल प्रमाणपत्र (एरोड्रम सर्टिफिकेट)" भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड पुरा गरे विमानस्थल सञ्चालन गर्न पाउने प्रमाणपत्र सम्झनु पर्छ ।

(थ) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा वायुयान उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा सो सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामको लागि यन्त्र, सञ्चार वा उड्डयन सहाय (नेभिगेशन एड्) उपकरणहरु जडान भएका वा नभएका सबै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा वा घाट सम्झनु पर्छ।

(द) "सदस्य" भन्नाले दफा ६ बमोजिमको समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(ध) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(न) "सेवा प्रदायक संस्था" भन्नाले एयर नेभिगेशन सेवा, हवाई उड्डयन मौसमी सेवा, खोज तथा उद्दार सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन सम्बन्धी सेवा, वायुसेवा सञ्चालन, वायुयान तथा वायुयानका पार्टपूर्जा निर्माण तथा मर्मत सम्भार सेवा, नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सेवा, भूमिस्थ प्रवन्ध सेवा तथा नागरिक उड्डयन सम्बन्धी सेवा प्रदान गर्ने संस्थालाई समेत सम्झनु पर्छ।

(प) "हवाई मार्ग" भन्नाले वायुयान संचालन गर्नका लागि निर्दिष्ट गरिएको मार्ग सम्झनु पर्छ।

(फ) "हवाई सुरक्षा" भन्नाले नागरिक उड्डयन सुरक्षा गर्ने उद्देश्यले अवलम्बन गरिएको सुरक्षा उपाय सम्झनु पर्छ।

(ब) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरण गर्न निर्धारण गरिएको स्थानलाई सम्झनु पर्छ।



मुकुन्द प्रसाद निरौला
सचिव

(भ) “हेलिपोर्ट” भन्नाले हेलिप्याड सहितको संरचना जसमा इन्धन, पार्किङ्ग, मर्मत सम्भार जस्ता समेत व्यवस्था रहेको स्थानलाई सम्झनु पर्छ।

परिच्छेद–२

प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्राधिकरणको स्थापना: (१) विमानस्थल सेवा तथा एयर नेभिगेशन सेवालाई सुरक्षित, स्तरीय, प्रभावकारी र विश्वसनीय रुपमा विकास, सञ्चालन र व्यवस्थापन गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अङ्ग्रेजी भाषामा “एयर सर्भिसेस अथोरिटी अफ नेपाल” र छोटकरीमा “ए.एस.ए.एन.” भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुने: (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. प्राधिकरणको काम, कर्तव्य र अधिकार: प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विमानस्थलको निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) नेपालको वायुक्षेत्र, विमानस्थल वा विमानस्थल क्षेत्रभित्र एयर नेभिगेशन तथा सुविधा सेवा उपलब्ध गराउने,

(ग) एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेशन सर्भिस) उपलब्ध गराउने,

(घ) विमानस्थल वा विमानस्थल क्षेत्रभित्र अग्नि निवारण तथा उद्धार सेवा उपलब्ध गराउने,

(ङ) विमानस्थलमा भूमिस्थ (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने वा गराउने,

(च) विमानस्थलमा इन्धन, फ्लाईट क्याटरिङ्ग तथा कार्गो सेवाको व्यवस्थापन गर्ने,

(छ) दृष्टिगत र यान्त्रिक उडान (भिजुयल एण्ड इन्स्ट्रुमेन्ट फ्लाइट) विधि निर्धारण गर्ने,

(ज) हवाई मानचित्र (एरोनटिकल चार्टस्) तयार गरी लागू गर्ने,

(झ) खोज तथा उद्धार कार्यमा समन्वय गर्ने,

(ञ) उडानको लागि मौसम सम्बन्धी सूचना आदानप्रदान गर्ने,

(ट) वायुयानको उडान तालिका स्वीकृत गर्ने र उडान अनुमति दिने,

(ठ) विमानस्थल, विमानस्थल क्षेत्र र उपलब्ध सेवा, सुविधाको अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी प्रयोग गर्ने वा गर्न दिने,

(ड) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि नियामक निकायमा पेश गर्ने,



मुकुन्द प्रसाद निरौला
सचिव

(ढ) नियामक निकायबाट जारी आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको परिपालना गर्ने,

(ण) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण सम्बन्ध नियामक निकायबाट स्वीकृत विधि (प्रोसिड्योर) कार्यान्वयन गर्ने,

(त) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(थ) प्राधिकरणको लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउने तथा त्यसको प्रभावकारी परिचालन गर्ने वा गराउने,

(द) प्राधिकरणको कामकारवाहीलाई नतिजामूखी र प्रभावकारी बनाउन विभिन्न निकायबीच आवश्यक समन्वय गर्ने,

(ध) यो ऐन बमोजिम कार्य सञ्चालन गर्दा हवाई यात्रुको सेवा सुविधालाई प्राथमिकता दिने।

(न) नियामक निकायको मापदण्ड बमोजिम सेवा प्रदायक संस्थाको मापन ईकाइको कार्यान्वयन गर्ने, गराउने,

(प) नियामक निकायबाट तोकिएको शर्त तथा मापदण्ड बमोजिम बातावरणीय प्रदुषणको नियन्त्रण गर्ने, गराउने

(फ) हवाई क्षेत्रको अनधिकृत प्रवेश तथा प्रयोग सम्वन्धी सूचना तोकिए बमोजिम नेपाल सरकार र नियामक निकायलाई उपलव्ध गराउने,

(ब) सेफ्टी मेनेजमेन्ट सिस्टम तथा क्वालीटि मेनेजमेण्ट सिस्टम लागू गर्ने,

(भ) विमानस्थलमा वन्यजन्तु (चरा तथा जनावर) वायुयानमा ठोकिने जोखिमको न्यूनिकरणका लागि वन्यजन्तु व्यवस्थापन प्राली लागू गर्ने,

(म) विमानस्थलको अव्सटयाकल लिमिटेशन सर्फेस मापदण्ड कार्यान्वयन गर्ने,

(य) फ्लाईट प्रोसिजरहरुको तोकिएको मापदण्डहरु अनुसार निर्माण तथा अद्यावधिक गर्ने,

(र) नेपालको वायु क्षेत्रको मापदण्ड भित्र रही प्रभावकारी रुपमा अधिकतम उपयोग गर्ने,

(ल) नेपाल सरकार तथा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने।

## परिच्छेद-३
## सञ्चालक समिति

६. समितिको गठन: (१) प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, (नागरिक उड्डयन हेर्ने) मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य



मुकुन्द प्रसाद निरौला
सचिव

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी वायुसेवा सञ्चालक, वायुयानको उडान सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल वा सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भारमा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञमध्येबाट एक जना महिलासहित नेपाल सरकारले मनोनयन गरेको दुईजना -सदस्य

(च) प्रबन्ध निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि मनोनित हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विमानस्थल तथा एयर नेभिगेशन सेवा सम्बन्धी नीति निर्माणमा नियामक निकाय तथा मन्त्रालयलाई सुझाव दिने,

(ख) प्राधिकरणको मानव स्रोत विकास र व्यवस्थापन योजना तथा साङ्गठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ग) प्राधिकरणको वित्तीय स्रोत परिचालन र सोको लगानी नीतिको मस्यौदा तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने,

(घ) प्राधिकरणको कर्मचारी, आर्थिक प्रशासन तथा खरिद सम्बन्धी नियमको मस्यौदा गरी मन्त्रालयमा पेश गर्ने,

(ङ) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यतालिका सहितको कार्यक्रम स्वीकृत गर्ने,

(च) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(छ) प्राधिकरणको स्वीकृत कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ज) प्राधिकरणको तर्फबाट गर्नु पर्ने काम तथा अधिकारको प्रयोग गर्ने,

(झ) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने,

प्राधिकरणको काम, कर्तव्य तथा सेवाको गुणस्तर परीक्षण, निरीक्षण गर्ने, गराउने

(ढ) नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान सञ्चालन गर्ने, गराउने,

(ण) भूमिस्थ प्रबन्ध सेवा सञ्चालन गर्ने, गराउने,



मुकुन्द प्रसाद निरौला
सचिव

(ञ) प्राधिकरणको कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रबन्ध निर्देशकलाई आवश्यक निर्देशन दिने।

८. <u>समितिको बैठक र निर्णय:</u> (१) समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बैठकको निर्णय सदस्य-सचिवले समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(८) आवश्यकता अनुसार कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार:</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठकमा छलफल गरिने विषय र त्यस्तो विषयको प्राथमिकताक्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ग) प्राधिकरणको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने वा गराउने, र

(घ) समितिको निर्णय कार्यान्वयन गर्न प्रबन्ध निर्देशकलाई निर्देशन दिने।

१०. <u>सदस्यको अयोग्यता</u>: देहायका व्यक्ति दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सदस्यको पदमा मनोनित हुन वा सो पदमा बहाल रहन अयोग्य हुनेछन्:-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,



मुकुन्द प्रसाद निरौला
सचिव

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले समितिमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) ३५ वर्ष पूरा नभएको र ६० वर्ष उमेर नाघेको, वा

(छ) आफू वा आफ्नो एकाघर सगोलको परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै स्वार्थको द्वन्द्व सृजना हुने अवस्था भएको।

११. पद रिक्त हुने अवस्था: देहायको अवस्थामा दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्यको पद रिक्त हुनेछः–

(क) लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) दफा १० बमोजिम अयोग्य भएमा,

(घ) बिनासूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा

(च) मृत्यु भएमा।

## परिच्छेद-४

## विमानस्थलको निर्माण तथा सञ्चालन

१२. विमानस्थलको निर्माण तथा सञ्चालन (१) नेपाल सरकारको स्वीकृति नलिई कसैले पनि विमानस्थल निर्माण तथा सञ्चालन गर्न पाउने छैन।

(२) प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई नियामक निकायबाट तोकिएका शर्त तथा मापदण्ड पूरा गरी आवश्यकता अनुसार आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विमानस्थल निर्माण गर्दा नेपाल सरकारले तोकेका शर्तको पालना गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नेपाल सरकारले प्राधिकरणलाई विमानस्थल निर्माणको स्वीकृति दिँदा देहायका विषयमा समेत विचार गरी स्वीकृति दिन सक्नेछः-

(क) प्राविधिक, भौगोलिक, पर्यटकीय तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,

(ख) व्यावसायिक सम्भाव्यता,

(ग) स्वदेशी तथा वैदेशिक लगानीको सम्भाव्यता,

(घ) सामाजिक उत्तरदायित्व,



मुकुन्द प्रसाद निरौला
सचिव

(ङ) सामरिक तथा रणनीतिक महत्व ।

(५) उपदफा (४) बमोजिम विमानस्थल निर्माणको लागि स्वीकृति दिएका स्थानको चार किल्ला खुलाई सोको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(६) स्थानीय तहले मन्त्रालयको स्वीकृति लिई आफ्नो क्षेत्रमा प्राधिकरणबाट स्वीकृत मापदण्ड अनुरुपको हेलिप्याड निर्माण तथा सञ्चालन गर्न सक्नेछ।

(७) कसैले आफ्नो प्रयोजनको लागि मन्त्रालयको स्वीकृति लिई प्राधिकरणबाट स्वीकृत मापदण्ड अनुरुपको हेलिप्याड निर्माण गरी हेलिकप्टर उडान सेवा सञ्चालन गर्न सक्नेछ।

१३. <u>विमानस्थलको सञ्चालन तथा व्यवस्थापन</u>ः (१) विमानस्थलको सञ्चालन तथा व्यवस्थापन प्राधिकरणले गर्नेछ।

(२) प्राधिकरणले आफू अन्तर्गतको विमानस्थल नेपाल सरकारको स्वीकृति लिई कुनै सरकारी वा गैर सरकारी निकाय वा प्रतिस्पर्धात्मक विधिबाट निजी क्षेत्रलाई करार सम्झौता गरी सञ्चालन तथा व्यवस्थापन गर्न दिन सक्नेछ।

१४. <u>विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त गर्नु पर्नेः</u> यस ऐन बमोजिम आन्तरिक वा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न प्रचलित कानून बमोजिम नियामक निकायमा दर्ता गरी विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ ।

तर, आन्तरिक हवाइसेवा विस्तार गर्ने प्रयोजनको लागि नियामक निकायले तोकेका विमानस्थलको हकमा त्यस्तो विमानस्थल दर्ता पश्चात सेवा सञ्चालन गर्न सकिनेछ।

१५. <u>विमानस्थलको प्रयोगः</u> (१) विमानस्थल सञ्चालन्न गर्ने स्वीकृति प्राप्त गर्दा तोकिएको शर्त बाहेक अन्य प्रयोजनका लागि विमानस्थलको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आपतकालीन अवस्था वा विशेष अनुमति लिएको अवस्थामा त्यस्तो विमानस्थलबाट वायुयानको उडान तथा अवतरण गर्न सकिनेछ।

१६. <u>प्राधिकरणले समन्वय गर्नुपर्नेः</u> प्राधिकरणले विमानस्थलमा सुरक्षित, नियमित र प्रभावकारी रुपले सेवा सुविधा उपलब्ध गराउन विमानस्थलमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरु बीच समन्वय गर्नु पर्नेछ।

१७. <u>प्राधिकरणले निर्देशन दिनसक्नेः</u> (१) प्राधिकरणले हवाई यात्रुको सेवा, सुरक्षा र सुविधा तथा विमानस्थलको सुरक्षालाई दृष्टिगत गरी विमानस्थलमा कार्यरत सरकारी वा गैरसरकारी संस्था, व्यक्ति वा अन्य सरोकारवालालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२ प्राधिकरणले हवाई सेवालाई सुरक्षित रुपमा सञ्चालन गर्न विमानस्थल क्षेत्र तथा हवाई मार्गमा देहाय बमोजिमको कार्य गर्न सक्नेछः–

(क) विमानस्थल क्षेत्र तथा हवाई मार्ग वा त्यसको आसपासमा कसैको निजी घरजग्गामा प्रकाशको व्यवस्था गर्ने वा गर्न लगाउने,



मुकुन्द प्रसाद निरौला
सचिव

(ख) विमानस्थल क्षेत्र तथा हवाई मार्गमा रहेको जग्गामा कसैले कुनै भवन, टावर, लट्ठा बनाउँदा वा खडा गर्दा वा प्रकाशको व्यवस्था गर्दा पालना गर्नु पर्ने शर्त तोक्ने वा सो सम्बन्धमा बन्देज लगाउने,

(ग) खण्ड (ख) बमोजिम तोकिएको शर्त वा बन्देजमा उल्लिखित उचाई भन्दा बढीको भवन, घर, टहरा, टावर, लट्ठा, रूख वा अन्य कुनै संरचना बनाउन वा खडा गर्न प्रतिबन्ध लगाउने,

(घ) निर्माण भइसकेका भवन, घर, टहरा, पुरै वा केही भत्काउन वा लट्ठा, रूख आदि उखेल्न, काट्न वा हटाउन परेमा दफा ४८ बमोजिम नेपाल सरकारसँग अनुरोध गर्ने,

(ङ) विमानस्थल क्षेत्र तथा हवाई मार्गमा रहेका वायुयान लगायत अन्य कुनै सम्पत्ति, यन्त्र वा उपकरणको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने।

(३) उपदफा (२) बमोजिम उडान सुरक्षालाई ध्यानमा राखी मन्त्रालयसँगको समन्वयमा विमानस्थल वा विमानस्थल क्षेत्रभित्र वा सोको वरिपरी कसैको चल, अचल सम्पत्तिको भोग, चलनमा बन्देज लगाउनु पर्ने भएमा प्रचलित कानूनको अधीनमा रही शर्त बन्देज लगाउन सकिनेछ। त्यसरी शर्त वन्देज लगाइएको सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम शर्त बन्देज लगाउने निर्णय गर्दा सोको कारण समेत स्पष्ट खुलाउनु पर्नेछ।

(५) हवाई सुरक्षा तथा उडान सुरक्षा प्रयोजनको लागि प्राधिकरण र विमानस्थल सञ्चालकले अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>वातावरण संरक्षण:</u> नेपाल सरकारले विमानस्थल तथा त्यसको वरपर कायम राख्नु पर्ने वातावरण संरक्षण, ध्वनी तथा वायु प्रदुषणको मापदण्ड तोक्ने र उड्डयन गतिविधिबाट उत्पन्न हुने ध्वनी तथा वायु प्रदुषणको मापन तथा मूल्याङ्कनका आधार निर्धारण गर्नु पर्नेछ।

१९. <u>चराचुरुङ्गी, वन्यजन्तु तथा फोहोरमैला नियन्त्रण:</u>(१) विमानस्थल सञ्चालकले विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा वन्यजन्तुको नियन्त्रणका लागि प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ।

(२) विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा वन्यजन्तु नियन्त्रणको लागि आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित क्षेत्रका बासिन्दाको कर्तव्य हुनेछ।

(३) विमानस्थल र विमानस्थलको तीन किलोमिटर वरिपरीको क्षेत्रमा कसैले पनि अनियन्त्रित वधशाला स्थापना गर्ने वा फोहोरमैला थुपार्ने कार्य गर्नु हुँदैन।

(४) विमानस्थल क्षेत्रमा सेवा सुविधा प्रदान गर्न कार्यरत व्यक्ति र संस्थाले आफ्नो कार्य सम्पादन गर्दा विमानस्थल क्षेत्रमा फोहोरमैला गर्नु हुँदैन।

२०. <u>अरूको घर जग्गामा प्रवेश गर्न सक्ने:</u> (१) कसैले विमानस्थल क्षेत्र आसपास वा हवाई मार्गमा रहेका घर वा जग्गाबाट वायुयान उडानमा अवरोध वा विमानस्थलको सुरक्षामा बाधा उत्पन्न हुने



मुकुन्द प्रसाद निरौला
सचिव

गरी कुनै कार्य गरेमा वा त्यस्तो कार्य हुने गरी शंकास्पद गतिविधि गरेमा नजिकको सुरक्षा निकाय वा स्थानीय तहका प्रतिनिधिको रोहवरमा त्यस्तो घर वा जग्गा प्रयोग गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिई प्राधिकरणको अख्तियारप्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) कुनै हवाई दुर्घटना हुनबाट बचाउन वा त्यस्तो घर वा जग्गामा जडान भएको कुनै उपकरणको आपतकालीन मर्मत गर्नु परेमा प्राधिकरणको अख्तियारप्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा जुनसुकै समयमा पूर्व सूचना नदिई प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै काम गर्नको निमित्त कसैको घर जग्गामा प्रवेश गर्ने प्राधिकरणको अख्तियारप्राप्त व्यक्तिले आफूले त्यस्तो घर जग्गामा गरेको काम सम्बन्धी प्रतिवेदन यथाशीघ्र प्राधिकरण समक्ष दिनु पर्नेछ ।

२१. <u>शुल्क लिनेः</u> (१) प्राधिकरणले देहायका सेवा वा सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क वा भाडा लिनेछः–

(क) वायुयान अवतरण (ल्याण्डिङ), गृह आश्रय (हाउजिङ्ग), बिसान (पार्किङ), उड्डयन सहाय सेवा, मौसमी सेवा, अग्निनिवारण तथा उद्धार, हवाई सुरक्षा सेवा वा अन्य सवारी साधन बिसान,

(ख) वायुयानद्वारा नेपालमा पैठारी हुने मालसामान (कार्गो) ढुवानी,

(ग) नेपालको भू-भागमाथि कुनै वायुयानको उडान (ओभरफ्लाई),

(घ) यात्रु सेवा शुल्क,

(ङ) विमानस्थलको टर्मिनल भवनभित्र प्रवेश गर्ने आगन्तुकहरुको प्रवेश, अन्य सवारी साधन बिसान,

(च) भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ), हवाई इन्धन बिक्री, उडानमा रहेका यात्रुहरूलाई खाना उपलब्ध गराउने सेवा (फ्लाइट क्याटरिङ), मालसामान प्रबन्ध (कार्गो ह्याण्डलिङ) सेवा, यात्रु परिवहन (लिमोजिन) लगायतका सेवा, सुविधा,

(छ) विमानस्थल वा विमानस्थल क्षेत्रमा प्रचलित कानून बमोजिम ईजाजत प्राप्त करमुक्त पसल, रेष्टुरेण्ट, होटल, पसल कवल, व्यावसायिक व्यक्तित्व कक्ष वा अन्य व्यापार, व्यवसाय सञ्चालकबाट लिइने लिज वा भाडा,

(ज) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र छायाङ्कन वा विज्ञापन,

(झ) विमानस्थल क्षेत्रको भवन, जग्गा लिज वा भाडा,

(ञ) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र बिजुली, खानेपानी, टेलिफोन, टेलेक्स, फ्याक्स आदि सुविधा,

(ट) निर्धारित समयभन्दा बढी समय विमानस्थल तथा विमानस्थल क्षेत्र खुला राखेबापत लगाइने अतिरिक्त शुल्क,



मुकुन्द प्रसाद निरौला
सचिव

(ठ) प्राधिकरणले उपलब्ध गराउने अन्य सेवा सुविधा वापत शुल्क तथा भाडा रकम।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने शुल्क तथा भाडा बापतको रकम तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम जरिबाना लगाई त्यस्तो शुल्क तथा भाडा रकम असूल गर्न सक्नेछ।

(३) प्राधिकरणले उपदफा (२) बमोजिम शुल्क तथा भाडा रकम नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिलाई विमानस्थलको सेवा, सुविधा प्रयोग गर्न रोक लगाई त्यस्तो शुल्क, भाडा तथा जरिवाना रकम सरकारी बाँकी सरह असूल गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिम उठाइने शुल्क नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५

## वायुयान उडान तथा अवतरण सम्बन्धी

२२. अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्न नहुनेः यो ऐन तथा प्रचलित कानून बमोजिम वायुयान उडान अनुमति नलिई कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडान तथा अवतरण गर्न वा गराउन हुँदैन।

२३. अनुमति लिनु पर्नेः (१) नेपालको कुनै विमानस्थल वा हेलिप्याडमा वायुयान अवतरण गर्न वा त्यहाँबाट वायुयान उडान गर्न अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि वायुयान उडान तथा अवतरणको प्रकृतिको आधारमा प्राधिकरणले तोकिए बमोजिम अनुमति प्रदान गर्न सक्नेछ।

## परिच्छेद-६

## एयर नेभिगेशन तथा हवाई मार्ग सम्बन्धी

२४. एयर नेभिगेशन सेवाः (१) प्रचलित कानून बमोजिम नियामक निकायबाट इजाजतपत्र लिई प्राधिकरणले नेपालको हवाई क्षेत्रमा एयर नेभिगेशन सेवा प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्दा नियामक निकायले निर्धारण गरेको मापदण्ड तथा स्तरबमोजिम गर्नु पर्नेछ।

(३) एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेसन सर्भिस) प्रदान गर्नेछ।

(४) एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले खोज तथा उद्धार सेवा समन्वय केन्द्र सञ्चालन गर्नु पर्नेछ।

मुकुन्द प्रसाद [illegible]
सचिव

२५. हवाई मार्ग तथा हवाई क्षेत्रको संरचनाः प्राधिकरणले नियामक निकायबाट तोकिएको शर्त र मापदण्ड बमोजिम विमानस्थलमा वायुयानको प्रस्थान, आगमन तथा उडान विधि (प्रोसिड्योर), उडान मार्ग, हवाई क्षेत्र वर्गीकरण र हवाई क्षेत्रको संरचना तयार गरी लागू गर्नु पर्नेछ।

२६. सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण: एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले तोकिए बमोजिमको सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान गरी मापदण्ड बमोजिम सञ्चालनयोग्य अवस्थामा राख्नु पर्नेछ।

२७. उड्डयन मौसमी सूचना सेवा प्रदान गर्नेः (१) हवाई सेवा सञ्चालनको लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवा नेपाल सरकारले तोकेको निकायले सञ्चालन गर्नेछ ।

(२) नेपाल सरकारले नेपालको कुनै विमानस्थल वा तोकिएको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न मौसम सम्बन्धी सेवा उपलब्ध गराउने कुनै सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ।

(३) उड्डयन मौसमी सेवा उपलब्ध गराउने निकाय वा संस्थाले प्राधिकरणसँग समन्वय गरी नियामक निकायले जारी गरेको आवश्यक शर्त (रिक्वायरमेण्ट्स), निर्देशिका (डाईरेक्टिभ्स), दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेश बमोजिम उड्डयन मौसमी सेवा प्रदान गर्नु पर्नेछ। तर, प्राधिकरणका एयर ट्राफिक सेवा दिने कर्मचारीले नियामक निकयको मापदण्ड बमोजिमको उड्डयम मौसम सम्बन्धी सूचना प्रवाह गर्नका लागि कुनै बाधा पर्ने छैन।

## परिच्छेद-७
## विमानस्थल सुरक्षा

२८. विमानस्थल सुरक्षाः (१) विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षाको व्यवस्थापन नेपाल सरकारले गर्नेछ।

(२) विमानस्थलमा सुरक्षा जाँचको लागि प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्न सक्नेछ।

२९. विमानस्थलमा अपनाउनु पर्ने सुरक्षात्मक उपायः विमानस्थल सञ्चालकले वायुयान, हवाई यात्रु, उडान दल (क्रू-सदस्य), आगन्तुक, कर्मचारी, वायुयानबाट ओसारपसार गर्ने मालसामान (कार्गो)को सुरक्षा तथा समग्र विमानस्थल क्षेत्रको सुरक्षाका लागि सम्बन्धित निकायसँग समन्वय गरी नियामक निकायबाट तोकिए बमोजिमको सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ।

३०. सुरक्षा सम्बन्धी आदेश वा निर्देशनको पालनाः (१) दफा २९ बमोजिम सुरक्षात्मक उपाय अवलम्बन गर्दा विमानस्थल प्रमुख वा सुरक्षाको लागि खटिएका अधिकारीले विमानस्थल क्षेत्र भित्र कार्यरत कुनै व्यक्ति, संस्था, यात्रु, वायुयानका उडान दल वा जुनसुकै व्यक्तिलाई उपयुक्त आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) हवाई उडानलाई सुरक्षित बनाउने प्रयोजनको लागि विमानस्थल सञ्चालक वा सुरक्षा निकायले गरेको व्यवस्था अनुसार कुनै उपकरण वा अन्य कुनै सुरक्षा पद्दति अनुरुप गरिने जाँच



मुकुन्द प्रसाद निरौला
सचिव

वा परीक्षणमा सहभागी हुने दायित्व सम्पूर्ण हवाई यात्रु, वायुयानका उडान दल तथा त्यसमा संलग्न सुरक्षा निकाय वा अन्य कर्मचारीको हुनेछ।

## परिच्छेद-८

## प्रबन्ध निर्देशक र कर्मचारी

३१. प्रबन्ध निर्देशक: (१) प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठ अधिकृत कर्मचारी वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पाँच वर्षको व्यवस्थापकीय अनुभव सहित पन्ध्र वर्षको कार्यानुभव भएको व्यक्ति मध्येबाट उपदफा (२) बमोजिमको सिफारिस समितिले खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी सिफारिस गरेको आधारमा प्रबन्ध निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा प्रवन्ध निर्देशकको नियुक्ति गर्दा मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले नियुक्त गरेको एक जना विज्ञ र मन्त्रालयको सम्बन्धित विषय हेर्ने सहसचिव सदस्य-सचिव रहेको एक सिफारिस समिति रहनेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको योग्यता भएको र उपदफा (४) बमोजिम प्रबन्ध निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य नभएका व्यक्तिहरुमध्येबाट तोकिए बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा उपयुक्त व्यक्ति छनौट गरी नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(४) देहायको व्यक्ति प्रबन्ध निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहूको दामासाहीमा परेको,

(घ) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले प्रबन्ध निर्देशकको पदमा रही सेवा गर्न असमर्थ भएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको, वा

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको।

(५) प्रबन्ध निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्ति गर्न सकिनेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था भएमा नेपाल सरकारले प्रबन्ध निर्देशकलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछः-

मुकुन्द प्रसाद निरौला
सचिव

(क) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सम्पादन गर्नुपर्ने काम कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निजले प्राधिकरणको कामकारबाही बेइमानी वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग) निजले आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ङ) उपदफा (३) बमोजिम अयोग्यता भएमा, वा

(च) प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको प्रमाणित भएमा।

(७) उपदफा (६) बमोजिम पदमुक्त गर्नुअघि प्रबन्ध निर्देशकलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

३२. <u>प्रबन्ध निर्देशकको काम, कर्तव्य र अधिकारः</u> (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रबन्ध निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(घ) प्राधिकरणको सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) प्राधिकरणको आवधिक योजना, व्यावसायिक योजना, वार्षिक नीति तथा कार्यक्रम र आय तथा व्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) नियामक निकायबाट जारी आवश्यक शर्तहरु (रिक्वायरमेण्ट्स), निर्देशिका, म्यानुअल, आदेश र परिपत्र (सर्कुलर) को पालना गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ज) मन्त्रालयसँगको समन्वयमा विमानस्थल सञ्चालन तथा एअर नेभिगेशन सेवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थासँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,

(झ) नेपाल सरकार, अन्य निकाय तथा संस्थासँग सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ञ) प्राधिकरणको कामकारवाही व्यवस्थित र प्रभावकारी रूपले सञ्चालन गर्ने वा गराउने, र

(ट) आकस्मिक परिस्थितिका कारण विमानस्थलको सेवा अवरुद्ध भएमा विमानस्थलको सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने।

३३. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

मुकुन्द प्रसाद निरौला
सचिव

(२) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवाका शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

३४. <u>योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू गर्नेः</u> (१) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्रणाली बमोजिम कर्मचारीले गर्नु पर्ने योगदान तथा प्राधिकरणले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## <u>प्राधिकरणको कोष तथा लेखापरीक्षण</u>

३५. <u>प्राधिकरणको कोष</u> : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) दफा २१ बमोजिम प्राप्त हुने शुल्क,

(ख) दफा ३८ बमोजिम जरिवाना बापत प्राप्त हुने रकम,

(ग) स्वदेशी सङ्घ, संस्था, बैंक वा व्यक्तिबाट प्राप्त ऋण वा अनुदान रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त ऋण वा अनुदान रकम,

(ङ) कोषमा रहेको रकम लगानीबाट प्राप्त आय,

(च) नेपाल सरकारबाट प्राप्त रकम, र

(छ) प्राधिकरणले आर्जन गरेको अन्य आय।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण वा अनुदान प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ।

(५) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

३६. <u>लेखा र लेखापरीक्षणः</u> (१) प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) प्राधिकरणले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्येबाट सञ्चालक समितिले नियुक्त गरेको लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद–१०

## <u>कसूर र सजाय</u>

३७. <u>कसूर</u> : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) विमानस्थलको निषेधित क्षेत्रमा अनधिकृत रुपमा प्रवेश गरेमा,

(ख) विमानस्थलबाट जारी प्रवेश पासको दुरुपयोग गरेमा,

मुकुन्द प्रसाद निरौला
सचिव

(ग) विमानस्थल क्षेत्रमा निर्धारित मापदण्ड विपरीत घर, टहरा, टावर वा अन्य कुनै संरचना बनाएमा,

(घ) विमानस्थल क्षेत्रका तारबार भत्काएमा,

(ङ) वायुयानको उडान वा अवतरणमा प्रतिकूल प्रभाव पार्ने गरी विमानस्थल वरिपरीको प्राधिकरणले निर्धारण गरेको संरक्षण क्षेत्रमा प्रकाशको प्रयोग गरेमा वा कुनै यन्त्र वा उपकरण जडान गर्ने वा संरचना निर्माण गरेमा,

(च) विमानस्थलको तीन किलोमिटर वरिपरीको क्षेत्रमा अनियन्त्रित वधशाला स्थापना वा फोहोर मैला थुपार्ने कार्य गरेमा,

(छ) प्राधिकरणको अनुमति नलिई वायुयान उडान वा अवतरण गरे वा गराएमा,

(ज) विमानस्थल क्षेत्रको सुरक्षा व्यवस्थामा प्रतिकूल प्रभाव पार्ने गरी विमानस्थल क्षेत्रमा कुनै कार्य गरे वा गराएमा,

(झ) यो ऐन विपरीत अन्य कुनै कार्य गरे वा गराएमा।

३८. <u>सजाय</u> : (१) कसैले दफा ३७ बमोजिमको कुनै कसूर गरेमा निजलाई प्रबन्ध निर्देशकले देहाय बमोजिमको सजाय गर्न सक्नेछः-

(क) खण्ड (क), (ग), (घ), (च) र (झ) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना।

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

(ग) खण्ड (ङ), (छ) र (ज) बमोजिमको कसूर गरेमा कसूरको मात्रा अनुसार दुई लाख रूपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गरी सोको जानकारी नियामक निकायलाई गराउने।

(घ) दफा ३७ बमोजिमको कसूरमा सजाय पाईसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

(२) कसैले दफा ३७ को खण्ड (ग) वा (ङ) बमोजिमको कुनै संरचना बनाएमा त्यस्तो संरचना बनाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो संरचना आफ्नै खर्चमा प्राधिकरणले तोकेको अवधिभित्र भत्काउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले तोकेको अवधिभित्र त्यस्तो संरचना नभत्काएमा प्राधिकरण आफैले त्यस्तो संरचना भत्काई त्यस्तो संरचना भत्काउन लागेको खर्च समेत सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट असूल गर्नु पर्नेछ।

(४) कसैले दफा ३७ को खण्ड (घ) बमोजिमको कसूर गरी विमानस्थलमा गम्भीर क्षति पुऱ्याएमा प्रबन्ध निर्देशकले उपदफा (१) को खण्ड (क) बमोजिमको जरिवाना गरी त्यस्तो संरचना पुनर्निमाण गर्नसमेत लगाउन सक्नेछ ।

(५) प्राधिकरणले सेवा प्रदायक संस्था वा नियामक निकायबाट व्यक्तिगत इजाजत, प्रमाणपत्र, अनुमतिपत्र प्राप्त गरी विमानस्थलमा कार्यरत रहेको अवस्थामा त्यस्तो संस्था वा व्यक्तिलाई कारवाही गरेमा सोको जानकारी लिखित रुपमा नियामक निकायलाई दिनु पर्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

३९. <u>पुनरावेदन</u> : दफा ३८ बमोजिम प्रवन्ध निर्देशकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद–११

<u>विविध</u>

४०. <u>ऐन लागू नहुने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन।

४१. <u>बीमा गर्नु पर्ने:</u> प्राधिकरणले विमानस्थलमा तेस्रो पक्षको कारणबाट वायुयानमा पुग्न जाने क्षतिपूर्तिको लागि आबस्यकता अनुसार तेस्रो पक्ष दायित्वको बीमा गर्नु पर्नेछ।

४२. <u>कर्मचारी समायोजन सम्बन्धी व्यवस्था:</u> (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी यो ऐन प्रारम्भ भएपछि प्राधिकरणका स्थायी कर्मचारीका रुपमा रहनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल नागरिक उड्डयन प्राधिकरणका स्थायी कर्मचारीले प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकायको कर्मचारीको रुपमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिले साठी दिनभित्र प्राधिकरण मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने कर्मचारीको ज्येष्ठता, योग्यता, कार्य अनुभव र कार्य प्रकृतिको आधारमा मन्त्रालयले मापदण्ड बनाई प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकाय र प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कुनै कर्मचारीले उपदफा (२) बमोजिम नियामक निकायमा रहन निवेदन नदिएको भए तापनि मन्त्रालयले कर्मचारीको योग्यता, दक्षता, अनुभव र पदको कार्य प्रकृति समेतको आधारमा आवश्यक सङ्ख्यामा नियामक निकायको स्वीकृत दरबन्दीमा पदस्थापन गर्न सक्नेछ।

(५) यस दफा बमोजिम समायोजन भएका कर्मचारीको अवकाश पश्चातको सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(६) यस दफा बमोजिम पदस्थापना हुन नचाहने कर्मचारीलाई उपयुक्त योजना अन्तर्गत स्वेच्छिक अवकाशको अवसर दिन सकिनेछ।

(७) उपदफा (१) बमोजिम प्राधिकरणमा पदस्थापना भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजहरूले पाइरहेको पारिश्रमिक तथा सुविधामा घटी नहुने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन्।

४३. <u>निवृत्तभरण पाउने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणबाट निवृत्तभरण पाइरहेका कर्मचारीले यो ऐन प्रारम्भ भएपछि प्राधिकरणबाट निवृत्तभरण पाउनेछन्।



मुकुन्द प्रसाद निरौला
सचिव

(२) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम पदस्थापन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजले निवृत्तभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्नेछ।

४४. विमानस्थलमा सेवा प्रदायकको कर्तव्यः विमानस्थलमा सञ्चालित सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले हवाई यात्रुहरुको सुरक्षा, सुविधा तथा वायुयानको सञ्चालनलाई उच्च प्राथमिकतामा राखी स्तरीय सेवा, सुविधा उपलब्ध गराउनु पर्नेछ।

४५. संयुक्त लगानीः प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्तासँग व्यावसायिक योजना अनुसार संयुक्त लगानीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न वा स्वदेशी वा विदेशी सरकार वा संस्थासँग सार्वजनिक, निजी वा संयुक्त साझेदारीमा विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन वा व्यवस्थापन गर्न सक्नेछ।

४६. व्यावसायिक सिद्धान्त अनुसरण गर्नेः प्राधिकरणले यस ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा दायित्व तथा जिम्मेवारी वहन गर्दा उडान सुरक्षा, हवाई सुरक्षा तथा हवाई यात्रुको सुविधालाई दृष्टिगत गरी व्यावसायिक सिद्धान्तको अनुसरण गर्नु पर्नेछ।

४७. वार्षिक प्रतिवेदनः प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

४८. जग्गा प्राप्तिः प्राधिकरणलाई नयाँ विमानस्थल निर्माण गर्न, विमानस्थल विस्तार गर्न वा विमानस्थलमा भइरहेका सुविधाहरु स्तरोन्नति वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक भई सोको प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्रचलित कानून बमोजिम सोको व्ययभार प्राधिकरणले व्यहोर्ने गरी प्राधिकरणलाई उपलब्ध गराउनेछ।

४९. भाग लिन वा हिस्सेदार हुन नपाउने : प्राधिकरणको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोवार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन पाउने छैनन्।

५०. नेपाल सरकारसँग सम्पर्कः प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

५१. निर्देशन दिन सक्नेः मन्त्रालयले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

५२. शपथः समितिको मनोनित सदस्यले अध्यक्ष समक्ष पदमा बहाल गर्नुअघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

५३. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट प्रचलित कानून बमोजिमको समेत कसूर हुने भएमा त्यस्तो कानून बमोजिम समेत मुद्दा चलाउन बाधा पर्ने छैन।

मुकुन्द प्रसाद निरौला
सचिव

५४. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक वा प्राधिकरण अन्तर्गतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रबन्ध निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राधिकरण अन्तर्गतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५५. <u>सम्पत्ति तथा दायित्व सर्नेः</u> (१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवाले चर्चेका जग्गा, भवन, उपकरण, संरचना लगायतका चल, अचल सम्पत्ति र सम्पूर्ण ऋण तथा दायित्व प्राधिकरणमा सर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियामक निकायलाई आवश्यक पर्ने घर, जग्गा र सम्पत्ति हिसाब गरी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

५६. <u>आवश्यक सूचना दिनुपर्नेः</u> प्राधिकरणले वायुक्षेत्रमा भए गरेका तोकिए बमोजिमका गतिविधिहरुको सूचना नियामक निकायलाई दिनुपर्नेछ।

५७. <u>असल नियतले गरेको कामको बचाउ</u> : (१) यो ऐनको उद्देश्य पूर्तिको लागि असल नियतले गरेको कुनै कामको निमित्त कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति उपर कुनै कानूनी कारवाही गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले बदनियतपूर्वक वा गम्भीर लापरवाही वा हेलचेक्र्याईं गरी गरेको कुनै कामले परिषद्को सम्पति क्षति भएमा वा परिषद्लाई कुनै किसिमले हानी नोक्सानी भएमा त्यस्तो काम गर्ने कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति वैयक्तिक रुपमा जिम्मेवार हुनेछ र त्यस्तो क्षति वा हानी नोक्सानीका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५८. <u>नियम बनाउने अधिकारः</u> (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरु बनाउन सकिनेछः-

(क) कर्मचारी प्रशासन तथा कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी,
(ख) खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासन सम्बन्धी।
(क) प्राधिकरणको काम, कर्तव्य र अधिकार,
(ख) प्राधिकरणले गर्ने संयुक्त लगानी,
(ग) विमानस्थल निर्माण, सञ्चालन तथा व्यवस्थापन,
(घ) अरुको घर वा जग्गामा प्रवेश गर्दा अपनाउनु पर्ने प्रक्रिया,
(ङ) उडान, अवतरण अनुमति,
*(च) एयर नेभिगेशन सेवा,*



मुकुन्द प्रसाद निरौला
सचिव

(छ) कोषको सञ्चालन,

(ज) विमानस्थल सुरक्षा तथा हवाई उडानलाई सुरक्षित बनाउने,

(झ) प्रवन्ध निर्देशकको नियुक्ति, सुविधा तथा सेवाको शर्त,

(ञ) ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषय।

(३) उपदफा (१) बमोजिमको नियम मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन्।

तर नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

५९. विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राधिकरणले विनियमहरु बनाउन सक्नेछः-

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु हुँदैन ।

(५) उपदफा (१) र (२) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

६०. ऐन कार्यान्वयन मापन: यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच बर्षपछिको एक बर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ । सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

६१. बचाउः नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवा सम्बन्धी भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

अनुसूची

(दफा ५२ सँग सम्बन्धित)

<u>शपथ</u>

म ........... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा सपथ लिन्छु कि नेपाल हवाई सेवा प्राधिकरणको सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी अनुशासनमा रही नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०८३ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

<u>शपथ ग्रहण गर्नेको</u>,-

नामः

दस्तखतः

मितिः

पदः

<u>शपथ ग्रहण गरेको प्रमाणित गर्नेको</u>,-

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः

मुकुन्द प्रसाद निरौला
सचिव